www.prepp.in

Prepp
Your Personal Exams Guide

Civil Services (Main)
Examination, 2026

KVMS-C-NPLI

# नेपाली / NEPALI

## (अनिवार्य) / (Compulsory)

| | |
|---|---|
| निर्धारित समय : **तीन** घंटे | अधिकतम अंक : **300** |
| *Time Allowed : **Three** Hours* | *Maximum Marks : **300*** |

---

### प्रश्न-पत्र सम्बन्धित विशेष अनुदेशावली

***कृपया प्रश्नका उत्तर लेख्नुअघि तल दिइएका प्रत्येक अनुदेशलाई ध्यानपूर्वक पढ्नुहोस् :***

*सबै प्रश्नका उत्तर लेख्नु अनिवार्य छ।*

*प्रत्येक प्रश्न/अंशका अङ्क तिनका विपरीतमा सूचित गरिएको छ।*

*प्रश्नमा निर्देश नगरिएको भए तापनि उत्तर **नेपाली (देवनागरी लिपि)**-मा लेख्नु अनिवार्य छ।*

*प्रश्नमा जहाँ विशेष रूपले उल्लेख गरिए-अनुसार शब्द-सीमालाई पालन गर्नु आवश्यक छ। यदि उल्लेख गरिएको भन्दा लामो अथवा छोटोमा उत्तर लेखिए अङ्क घटाइने छ।*

*प्रश्न-सह-उत्तरपुस्तिकामा खाली छोडिएका पन्ना अथवा कुनै भाग स्पष्टसित काटिएको हुनुपर्छ।*

### Question Paper Specific Instructions

***Please read each of the following instructions carefully before attempting questions :***

*All questions are to be attempted.*

*The number of marks carried by a question / part is indicated against it.*

*Answers must be written in **NEPALI (Devanagari script)** unless otherwise directed in the question.*

*Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.*

*Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.*

---

www.prepp.in

Prepp Your Personal Exams Guide

**Q1.** **निम्नलिखित कुनै *एउटा* विषयमाथि 600 (छ सय) शब्दमा निबन्ध लेख्नुहोस् :** *100*

(a) भारतबोधको अवधारणा अनि हाम्रो भविष्य

(b) डिजिटल युगमा नागरिकहरूको कर्तव्य

(c) भारतमा अन्तरिक्ष अनुसन्धान अनि मङ्गलयान

(d) स्वास्थ्य सेवाहरूको उपलब्धता अनि गुणवत्ता

**Q2.** **निम्नलिखित गद्यांशलाई ध्यानपूर्वक पढ़ी त्यसका आधारमा तल दिइएका प्रश्नका उत्तर स्पष्ट, सही अनि सङ्क्षिप्त भाषामा लेख्नुहोस् :** *12×5=60*

दु:खको वर्गमा डरको जुन स्थान हुन्छ, त्यही स्थान आनन्द-वर्गमा उत्साहको हुन्छ। जुन कर्महरूमा कुनै प्रकारको कष्ट वा हानि सहने साहस अपेक्षित हुन्छ ती सबैमा उत्कण्ठापूर्ण आनन्द उत्साह त्यस अन्तर्गत लिने गरिन्छ। कष्ट वा हानिको भेदअनुसार उत्साहको पनि भेद हुनसक्छ। साहित्य-मिमांसकहरूले यही दृष्टिबाट युद्धवीर, दानवीर, दयावीर, इत्यादि भेद गरेका छन्। यीमध्ये सबभन्दा प्राचीन अनि प्रमुख युद्धवीरता हो, जसमा आघात, पीडा वा मृत्युको समेत चिन्ता हुँदैन। यस प्रकारको वीरताको प्रयोजन अत्यन्त प्राचीन समयदेखि हुँदै आइरहेको छ, जसमा साहस र प्रयत्न दुवै चरम उत्कर्षमा पुग्ने गर्छ। केवल कष्ट वा पीडा सहने साहसमा नै उत्साहको स्वरूप स्फुरित हुँदैन। यसका साथै आनन्दपूर्ण प्रयत्न वा उसको उत्कण्ठाको संयोग हुनुपर्दछ। बिना बेहोस नै ठुलो घाउलाई काट्नु तयार हुनु साहस हुनुसक्छ, तर उत्साह होइन। यस्तै प्रकारले चुपचाप बिना हातखुट्टा हल्लाई, अति प्रहार सहनका लागि तयार रहनु साहस र कठिन भन्दा कठिन प्रहार सहेर पनि ध्यैर्यलाई उत्साह अन्तर्गत त्यसबेला लिन सकिन्छ जब साहसी र धीरले त्यस कामलाई आनन्दका साथमा गर्दै जानेछ जसको कारण उसलाई यति प्रहार सहनु पर्ने हुन्छ। सारांशमा, यस्तो आनन्दपूर्ण उत्साह वा उत्कण्ठामा नै उत्साहको दर्शन हुन्छ, केवल कष्ट सहनु निश्चेष्ट साहस-होइन। धृति र साहस दुवैको उत्साह माझ सञ्चरण हुने गर्छ।

दानवीरको अर्थ त्यागको साहस अर्थात् उसको कारण हुने कष्ट वा कठिनतालाई सहने क्षमता अन्तर्निहित हुन्छ। दानवीरता त्यसबेला भनिन्छ जब दानको कारण दानीलाई आफ्नो जीवन निर्वाहमा कुनै प्रकारको कष्ट वा कठिनता आएको पाइन्छ। यस्तै कष्ट वा कठिनताको मात्रा वा सम्भावना जतिसम्म धेरै हुन्छ, दानवीरता त्यति नै उच्च ठान्न सकिन्छ। तर यो अर्थ-त्यागको साहस सँगै जबसम्म पूर्ण तत्परता र आनन्दको संकेत देखिँदैन तबसम्म उत्साहको स्वरूप देखिँदैन।

www.prepp.in
Prepp
Your Personal Exams Guide

युद्धको अतिरिक्त संसारमा अरू पनि यस्ता विकट कामहरू छन् जसमा धेरै शारीरिक कष्ट सहनु पर्दछ अनि प्राण हानिसम्म हुने सम्भावना रहन्छ। अनुसन्धानका लागि तुषार-मण्डित अगम्य पर्वतहरूको आरोहण, ध्रुव देश तथा सहारा रेगिस्तानको भ्रमण; क्रूर, बर्बर जातिहरूको बिच अज्ञात घना जङ्गलहरूमा प्रवेश, इत्यादि पनि सबै वीरता र पराक्रमकै कर्म हुन। यी सबमा जुन आनन्दपूर्ण तत्परताका साथ मानिस प्रवृत्त भएका छन् ती पनि उत्साह नै हो।

(a) उत्साहमा साहसको भूमिका स्पष्ट गर्नुहोस्। *12*

(b) धीरताको अभिप्राय के हो ? *12*

(c) उत्साहको सही दर्शन कसरी हुन्छ ? *12*

(d) आनन्दपूर्ण तत्परता अनि उत्साहको अन्तर्सम्बन्ध रेखाङ्कित गर्नुहोस्। *12*

(e) दानीलाई दानको कारण के सहन गर्नुपर्दछ ? *12*

**Q3. निम्नलिखित अनुच्छेदको सारांश लगभग एक-तिहाई शब्दमा लेख्नुहोस्। यसको शीर्षक लेख्न आवश्यक छैन। सारांश आफ्नै भाषामा लेख्नुहोस्।** ***60***

असल श्रोता हुनु सबभन्दा महत्त्वपूर्ण अनि आकर्षक जीवन कौशलहरूमध्ये एउटा हो। फेरि पनि हामीहरूमध्ये धेरै कम मानिसले सुन्नु जान्दछन्, यसको कारण यो होइन कि हामी नराम्रो हौं, किनभने कसैले हामीलाई यी सब सिकाएका पनि छैनन्। यसबाट सम्बन्धित तथ्य यो पनि छ कि धेरै मानिसहरूले हामीलाई ध्यानपूर्वक सुनेका छन्। परिणामस्वरूप हामी सामाजिक जीवनमा सुन्नाको अपेक्षा बातचित गर्ने मोहमा फँसिरहेका हुन्छौं, अरूहरूसँग भेटघाट गर्ने व्यग्रता रहन्छ, तर त्यसलाई सुन्न चाहिं होइन। बिस्तारै-बिस्तारै मित्रता स्वार्थमा परिवर्तित हुन याल्छ। एकजना असल श्रोताले कति यस्ता काम गर्दछ जो उसको साथमा समय बिताउनलाई सुखद हुन्छ। धेरजसो हामी कुनै यस्तो कुराको साथ बातचित प्रारम्भ गर्दछौं, जो महत्त्वपूर्ण त लाग्छ नै, तर स्पष्ट भने हुँदैन। कहिले हामी आफ्नो कामकुरा लिएर तनाउमा हुन्छौं, कहिले आफ्नो कार्यक्षेत्रमा महत्वाकांक्षी बन्ने बारेमा सोंचिरहेका हुन्छौं, हामी सुनिश्चित गर्न सक्तनौं कि हाम्रालागि के उचित हुन्छ; कहिले हामीलाई यस्तो सन्देह हुन्छ कि कुनै सम्बन्ध कठिन प्रकारले बितिरहेको हुन्छ। हामी कुनै कुरालाई लिएर चिन्तित रहन्छौं अथवा जीवनमा निराशाको अनुभव गरिरहेका छौं। (यद्यपि हामीलाई ठीक ठीक थाहा हुँदैन कि समस्या के हो ?) वा सायद हामी कुनै उद्देश्यबाट अत्यधिक उत्साहित रूपले अझै ऊर्जापूर्ण हुनेछौं, तर हामी यस उत्साहका कारणहरूलाई स्पष्ट रूपले सम्झन सकेका हुँदैनौं।

www.prepp.in

Prepp
Your Personal Exams Guide

वस्तुत: यी सबै बिषयले स्पष्टताको माग गर्दछ। एकजना असल श्रोताले यो सम्झन्छ कि आदर्श रूपले अरूसँग कुरा गर्दा हामीले आफ्नो भ्रमित र उत्तेजित मनबाट निकालेर अधिकाधिक शान्त मनको अवस्थासम्म पुर्‍याउन सक्छ। सम्वादको माध्यम द्वारा हामी मिलेर सम्झने प्रयास गर्न सक्तछौं कि वास्तवमा थाँतीमा के कुरा रहेको छ, तर धेरैजसो यस्तो हुन सक्तैन, किनभने कुराकानी गर्दा स्पष्टताको इच्छा र आवश्यकता बारे जागरूकता हुँदैन । सबै श्रोताहरू असल हुँदैनन् । परिणामस्वरूप मानिसहरू विश्लेषण गर्नाका सट्टामा आ-आफ्नो कुरामा अडिग रहन्छन् । तिनीहरू आफ्ना चिन्ता, उत्साह, उदासीनता वा आशालाई घरिघरि बेग्लाबेग्लै रूपले दोहोराइ रहन्छन्। नजिककाहरूले सुन्छन्, तर उनीहरूलाई गहिराइसँग सम्झनलाई सहयोग गर्दैनन्। असल श्रोताले कुराकानीको सूक्ष्म युक्तिहरूका सहारा लिएर स्थितिलाई परिवर्तन गरिदिन्छन्।

जब कुनै व्यक्ति बोल्दछ, तब उसित पूर्णरूपले सम्पर्कमा जाँदछ, ऊ अरूलाई सामान्य प्रोत्साहन दिइनै रहन्छ, जस्तो कि सहानुभूतिपूर्ण भाव, उत्साहवर्धक संकेत वा रूचिपूर्ण कौशलगत जिज्ञासा। यसप्रकार उसले आफ्ना नजिककाहरूलाई आफ्ना विचारहरू र भावनाहरूको गहिराइमा जानका लागि प्रेरित गर्दछ। उसले भन्न मन पराउँछ — ''यस बारेमा मलाई अझै भन .....'', ''जब तिमीले यसो भन्यौ, तब म त मन्त्रमुग्ध भइगएँ'', ''यस्तो किन भयो ? तिमीले विचार गर्‍यौ ?'', अथवा ''तिमीले त्यस बारेमा कस्तो सोच्यौ ?'' एकजना असल श्रोताले यस्तो मान्दछ कि अरूहरूसँगका कुराकानीमा अस्पष्टता पाइनु स्वाभाविक हो। यस्तो मानिस न त आलोचना गर्छ वा न त अधीर नै हुन्छ, किनभने उसले सम्झेको हुन्छ कि अस्पष्टता एक सार्वभौमिक र महत्त्वपूर्ण मनको समस्या हो, जसलाई समाधान गर्ने दायित्व एक साँचो मित्रको हुन्छ । धेरजसो हामी कुनै अनुभवको वरिपरि भट्किरहेका हुन्छौँ, तर त्यसको मूल कारणसम्म पुग्ने पाएका हुँदैनौँ । यस्तो स्थितिमा एकजना असल श्रोताले हामीलाई विस्तारपूर्वक बोल्ने अनि गहिराइमा जानलाई अझै अग्रसर बन्न प्रेरित गर्दछ। हामीलाई यस्तो व्यक्तिको आवश्यकता पर्दछ जसले सल्लाह नदिएर केवल दुई सरल र चमत्कारी शब्द बोल्दछ – 'अघि जाऊँ'। हामी सहोदर भाइबहिनीको उल्लेख गर्छौं अनि उनीहरू अपेक्षित जिज्ञासा राख्ने गर्छन्; जस्तो कि तिनीहरूको बाल्यकालमा सम्बन्ध कस्तो थियो ? समयको साथमा उनीहरूमा कस्ता परिवर्तन आए, उनीहरू यस्तो सम्झने प्रयास गर्छन् कि हाम्रो चिन्ता र उत्साहको मूल कहाँ छ ? उनीहरू सोच्छन् — ''यो कुराले तपाईंहरूलाई यति निराश किन बनाइरहेको छ ?'' वा ''यो कुरा तपाईंका लागि किन महत्त्वपूर्ण छ ?'' तिनीहरू हाम्रा बितेका कुराहरूलाई पनि सम्झना गर्दछन् । कहिलेकाहीँ तिनीहरू हामीले भनेका पुराना कुराहरूको सन्दर्भ दिने गर्छन् अनि हामीलाई थाहा लाग्दछ कि वास्तवमा हाम्रा साथमा उनीहरू गहिरोसँग जोड़िने प्रयास गरिरहेका छन्। अस्पष्ट कुराकानी गर्नु घातक रूपले सजिलो हुन्छ। हामी खास गरी यति भन्न सक्छौं कि कुनै वस्तु सुन्दर हुन्छ, वा भयानक, सुखद हुन्छ वा चिन्ताजनक तर हामी यतिसम्म सोच्ने प्रयास गर्दैनौं कि हामीलाई यस्तो अनुभव किन हुन्छ ? एकजना असल श्रोताले हाम्रा यी सतही कुराहरूमा रचनात्मक एवम् मैत्रीपूर्ण संशय गर्दछ अनि यी गहिरा भावनाहरूलाई सम्झने प्रयास गर्दछ, जो हामीभित्र लुकेको हुन्छ।

*(607 शब्द)*

Prepp
Your Personal Exams Guide

**Q4.** निम्नलिखित गद्यांशलाई अङ्ग्रेजीमा अनुवाद गर्नुहोस् : *20*

भारतीय नाविकहरू जहाज चलाउने आफ्ना कौशलकालागि प्राचीनकालदेखि नै प्रसिद्ध रहेका छन्। आजभन्दा 5000 वर्ष अघिदेखि उनीहरूले समुद्रमा नौका चलाउन शुरू गरेका हुन्। त्यस समयमा समुद्री यात्रामा काम लाग्ने केही चाँहिदो यंत्रहरू मात्र थिए। अहिले जस्तो कृत्रिम उपकरणहरू त्यसबेला उपलब्ध थिएनन्। तर प्राचीन नाविकहरूको सोच्ने र बुझ्ने क्षमता बढ़ी तेज थियो। उनीहरू ग्रह नक्षत्रहरूको जाँच गर्न, हावाको वेग बुझ्न र समुद्रको गहिराइमा पानीको रङ्ग हेरेर पत्तो लगाउने गर्दथे। समुद्री जीवजन्तुलाई हेरेर उनीहरू जमीनदेखि सुदूर कतिपय देशसम्म पत्तो लगाउने गर्दथे। त्यस समयमा कुनै समुद्री अकादमीहरू पनि थिएनन्। यसैले जे पनि प्रशिक्षण उनीहरूले पाउँथे, ती अनुभवका पाठशालामा परीक्षण र गल्तीहरूबाट सिकने आधार मात्र थियो। कहिलेकाहीँ दुर्घटनाहरू पनि भइहाल्थ्यो, तर उनीहरूको साहस र आत्मविश्वासले समुद्रमा यात्रा गर्ने प्रेरणा दिन्थ्यो। यसैको बलमा उनीहरू पश्चिममा फारसको खाड़ी, अफ्रिकाको पूर्वी तट अनि पूर्व तथा सूदूर पूर्वको इन्डोनेशिया, कम्बोडिया, अन्नाम, बोर्नियो तथा सेलीबीज जस्ता सुदूर द्वीपहरूसम्म पुग्न सफल बनेका हुन्। समुद्री प्रशिक्षणको आधुनिक यात्रा सन् 1920 देखि प्रारम्भ भएको थाहा लाग्छ।

स्वाधीनतापछि भारतमा परिवर्तनको सुखद तरङ्ग चलेको छ। भारतको गौरवशाली जहाजरानी परम्पराको जुन सूर्य केही शताब्दी अघि अस्त भइसकेको छ, सो एकपल्ट फेरि उदय भएर चम्कनु थालेको छ। भारतीय जहाजरानी आज सही दिशामा अग्रसर भइरहेको छ।

**Q5.** निम्नलिखित गद्यांशलाई नेपालीमा अनुवाद गर्नुहोस् : *20*

Orientation for entrepreneurship has to start right from the schools. In schools, teachers need to highlight the role of entrepreneurship in national development. During college, students must be exposed to business development opportunities and must be trained towards the creation of new enterprises. Parents should encourage their children to take up new ventures after their education. We should cultivate a mindset that 'Idea is wealth'.

The government must create a facilitating environment for the provision of venture capital for innovative ideas without collateral security. Universities and engineering and management institutions should work with banks and other funding agencies towards simplifying procedures for setting up businesses and working with entrepreneurs till the project becomes self-sustaining and viable. Procedures in government should facilitate the spotting and recognition of new Indian talent in entrepreneurship by creating a level playing field for healthy competition. Citizens who can afford it should turn themselves into angel investors or start venture capital organizations to fund such new ventures. Big and small industries need to have an open mind in order to encourage and partner with young entrepreneurs.

Prepp
Your Personal Exams Guide

**Q6.** (a) (i) **तलका कुनै *पाँचवटा* शब्दको सन्धि-विच्छेद गर्नुहोस् :** *5*

अध्यक्ष, महौषधि, श्रेयस्कर, अन्वेषण, सान्नानी, सच्चरित्र, उद्धारक।

(ii) **तलका कुनै *पाँचवटा* शब्दका दुई-दुईवटा अनेकार्थक शब्द लेख्नुहोस् :** *5*

चुरो, मान, कलम, दक्ष, बन्धकी, जाल, कोठी।

(b) (i) **तलका कुनै *पाँचवटा* शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् :** *5*

कृपण, विराग, प्रलय, उदात्त, अर्पण, खोक्रो, क्षुद्र।

(ii) **तलका कुनै *पाँचवटा* पदको समास-विग्रह गर्नुहोस् :** *5*

निस्सार, यथाक्रम, आमरण, धर्मभीरू, ग्रन्थकार, सूक्ष्मदर्शी, बेहिसाब।

(c) (i) **तलका कुनै *पाँचवटा* वाग्धारालाई एक-एकवटा वाक्यमा प्रयोग गर्नुहोस् :** *5*

परालको आगो, फलेको हाँगो, इतिश्री हुनु, कान समात्नु, मागी खाने भाँडो, आँखाको नानी, भाकल गर्नु।

(ii) **तलका कुनै *पाँचवटा* पदावलीको सारशब्द लेख्नुहोस् :** *5*

(1) जुवामा थापिएको धन

(2) सार्वभौम सम्राट

(3) प्राचीनकाल सम्बन्धी विद्या

(4) प्रसिद्ध परम्परागत काल्पनिक कथा

(5) बिना ज्याला मानिसको सहा मानिसैद्वारा गर्ने वा गराउने काम

(6) सुखदु:ख अनुभव गर्ने इन्द्रिय

(7) बिहेका निम्ति केटीलाई फकाउने स्त्री

(8) नाँच्ने, गाउने र ठटयौली गर्ने मानिस

(d) (i) **तलका कुनै *पाँचवटा* शब्दको लिङ्ग परिवर्त्तन गर्नुहोस् :** *5*

वीर, मत्ता, मैयाँहजूर, सम्धिनी, दात्री, भाले जुरेली, पोई।

www.prepp.in

Prepp
Your Personal Exams Guide

(ii) **तलका कुनै *पाँचवटा* उखानलाई पूरा गर्नुहोस् :** *5*

(1) उठे सगरसम्म .......................... ।

(2) अन्धाको देशमा आँखो चिम्लनु .......................... ।

(3) कसैको गाली .......................... ।

(4) कुकुरलाई प्यारो गरे .......................... ।

(5) बसे लेउ लाग्छ .......................... ।

(6) घर भाँड़िन्छ कुराले .......................... ।

(7) मूर्खलाई सय कुरा .......................... ।

(8) धर्मको धन साँचो .......................... ।